## बैठक नं.११

आज मिति २०८१ फागुन ९ गते शुक्रबार बिहान ८:३० बजे गोदावरी नगरपालिकाका नगर प्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| | अध्यक्ष — श्री गजेन्द्र महर्जन | नगर प्रमुख |
| | सदस्य — श्री मुना अधिकारी | उप-प्रमुख |
| | सदस्य-सचिव — श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत |
| | सदस्य — श्री श्रीराज थापा | वडाध्यक्ष वडा नं.१ |
| | सदस्य — श्री मनोहर सिलवाल | वडाध्यक्ष वडा नं.२ |
| | सदस्य — श्री सानुराजा घिमिरे | वडाध्यक्ष वडा नं.३ |
| | सदस्य - श्री सानुभाई नगरकोटी | वडाध्यक्ष वडा नं.४ |
| | सदस्य — श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं.५ |
| | सदस्य — श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं.६ |
| | सदस्य — श्री मथुरा प्रसाद शर्मा | वडाध्यक्ष वडा नं.७ |
| | सदस्य — श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं.८ |
| | सदस्य — श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं.९ |
| | सदस्य — श्री शेखर न्यौपाने | वडाध्यक्ष वडा नं.१० |
| | सदस्य — श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं.११ |
| | सदस्य — श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं.१२ |
| | सदस्य — श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं.१३ |
| | सदस्य — श्री निरोज बज्राचार्य | वडाध्यक्ष वडा नं.१४ |
| | सदस्य — श्री लक्ष्मी देवी महर्जन | कार्यपालिका सदस्य |
| | सदस्य — श्री बिना नगरकोटी | कार्यपालिका सदस्य |
| | सदस्य -- श्री उमा खड्का | कार्यपालिका सदस्य |

| | | |
|---|---|---|
| रामनाथा | सदस्य — श्री राम माया नेपाली | कार्यपालिका सदस्य |
| [signature] | सदस्य — श्री उमा बिशुंके | कार्यपालिका सदस्य |
| [signature] | सदस्य — श्री रिता पुर्कुटी मिजार | कार्यपालिका सदस्य |
| [signature] | सदस्य — श्री रामकृष्ण दनुवार | कार्यपालिका सदस्य |

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बज्रवाराही, ललितपुर बागमती प्रदेश, नेपाल २०७३

**एजेण्डा**

१. प्रस्तुतीकरण र छलफल

(क) आवधिक नगर शिक्षा योजना तर्जुमा ।

(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यक्रमको कार्यान्वयन सम्बन्धमा ।

(ग) बालमैत्री स्थानीय शासन, नगरस्तरीय अनुगमन कार्यदल गठन सम्बन्धमा ।

(घ) सरकारी कार्यालयमा सामाजिक सञ्जालको प्रयोग सम्बन्धमा ।

२. स्थापना दिवस समारोह व्यवस्थापन प्रस्तावना स्वीकृति तथा कार्य विभाजन सम्बन्धमा ।

३. (क) विषयगत समिति पूर्णता र आवधिक नगर विकास योजना सम्बन्धमा ।

(ख) वडास्तरीय योजना गोष्ठिमा छुट भएका विषय पुन समावेश गर्ने सम्बन्धमा ।

४. अपाङ्गता पुनर्स्थापना केन्द्र सञ्चालन अनुमति सम्बन्धमा ।

५. संस्थागत स्वमूल्याङ्कन (LISA) को नतिजा स्वीकृत गरी प्रकाशन गर्ने सम्बन्धमा ।

६. जनप्रतिनिधि र राष्ट्रसेवक सम्बन्ध व्यवस्थापन गोष्ठी सम्बन्धमा ।

७. नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ संशोधन सम्बन्धमा ।

८. गोदावरी नगरपालिका माध्यमिक शिक्षा परीक्षा (SEE/SLC) तयारी कक्षा सञ्चालन मापदण्ड, २०८१ सम्बन्धमा ।

९. नगरपालिकाको छात्रवृत्तिमा BICTE मा अध्ययनरत विद्यार्थीहरुलाई Internship मा खटाउने सम्बन्धमा ।

१० अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि गणक तथा सहजकर्ता छनौट सम्बन्धमा ।

११. विविध।

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

**निर्णय नं.१ प्रस्तुतीकरण र छलफल सम्बन्धमा** : छलफल हुँदा देहायका विषयमा नगर कार्यपालिकामा प्रस्तुतीकरण र छलफल गरियो ।

**(क) आवधिक नगर शिक्षा योजना (२०८२/८३-०८६/८७) तर्जुमा ।**

**(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यक्रमको कार्यान्वयन सम्बन्धमा ।**

**(ग) बालमैत्री स्थानीय शासन, नगरस्तरीय अनुगमन कार्यदल गठन सम्बन्धमा** : यस नगरपालिकामा बालमैत्री स्थानीय शासन नगरस्तरीय अनुगमन कार्यदल देहाय बमोजिम गठन गर्ने निर्णय गरियो

(क) नगर उपप्रमुख — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) सामाजिक विकास समिति संयोजक — सदस्य

(घ) सम्बन्धित वडाका वडा अध्यक्ष — सदस्य

(ङ) वडामा रहनु भएका कार्यपालिका सदस्य — सदस्य

(च) शिक्षा शाखा प्रमुख — सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख — सदस्य

(ज) प्राविधिक शाखा प्रमुख — सदस्य

(झ) सामाजिक विकास शाखा प्रमुख — सदस्य

(ञ) महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य

(ट) बालकल्याण अधिकारी — सदस्य

(ठ) विद्यालय व्यवस्थापन समिति मध्येबाट नगर उपप्रमुखले मनोनित गर्ने १ जना — सदस्य

(ड) शिक्षक/प्र.अ.हरूबाट (सामुदायिक/संस्थागत) अन्तर्गत नगर उपप्रमुखले मनोनित गरेका २ जना - सदस्य

(ढ) नेपाल प्रहरीका स्थानीय एकाई प्रतिनिधि, अधिकृतस्तर १ जना — सदस्य

(ण) उद्योगी व्यवसायीहरूमध्येबाट उपप्रमुखले मनोनित गरेको १ जना — सदस्य

(त) सम्बन्धित वडा कार्यालयका वडा सचिव — सदस्य

(थ) सम्बन्धित वडाका बालमैत्री सम्पर्क व्यक्ति — सदस्य

(द) नगर बाल सञ्जालका अध्यक्ष — सदस्य

**(घ) सरकारी कार्यालयमा सामाजिक सञ्जालको प्रयोग सम्बन्धमा ।**

**निर्णय नं.२ स्थापना दिवस समारोह व्यवस्थापन प्रस्तावना स्वीकृति तथा कार्य विभाजन सम्बन्धमा :** छलफल गर्दा स्थापना दिवस समारोह व्यवस्थापन प्रस्तावना देहाय बमोजिम स्वीकृत गर्ने तथा कार्य विभाजन देहाय बमोजिम गरी स्थापना दिवसलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

गजेन्द्र महर्जन
नगर प्रमुख

मान बहादुर खड्का
अधिकृत

| सि.नं. | विवरण | पिस | दर | रकम |
|---|---|---|---|---|
| १ | नगद पुरस्कार | | | ५,३५,०००। |
| २. | मेडल | १७ | १९५० | ३३,१५०। |
| ३. | डमी चेक | १७ | ३५०० | ५९,५००। |
| ४. | प्रेस(LIVE) पत्रकार सम्मेलन | ५० | १,००० | ५०,०००। |
| ५. | प्रमाण पत्र | १०० | २०० | २०,०००। |
| ६. | प्रमाण पत्र फेम | १०० | ५५० | ५५,०००। |
| ७. | साउण्ड सिस्टम | | | ८०,०००। |
| ८. | स्टेज र डेकोरेस्न | | | २,००,०००। |
| ९. | खाना | ४७ | ३०० | १४,१००। |
| १०. | मायाको चिनो फेम्र | १० | ३५०० | ३५,०००। |
| ११. | खेलाडी टिसर्ट | २०० | ८०० | १,६०,०००। |
| १२. | रेफ्री भत्ता | | | ७०,०००। |
| १३. | मायाको चिनो | १५ | ८५०० | १,२७,५००। |
| १४. | ब्यानर र पम्पलेट(पचारपसार) | | | ५०,०००। |
| १५. | संचार खर्च(पचारपसार) | | | २०,०००। |
| १६. | खेलाडी खाजा(ब्रेक फास्ट) | ५५० | २०० | १,१०,०००। |
| १७. | पिउने पानी(३०० m.l & ५०० m.l) | ६० केस | ३६० | २१,६००। |
| १८. | क्याटरिन र्खच खाजा(स्थापना दिवस | ५५० | २५० | १,३७,५००। |
| १९. | फुल | | | ३५,०००। |
| २०. | स्प्रे (spray) | १० | २,००० | २०,०००। |
| २१. | गेम तथा कार्यक्रम लाईभ | | | ४०,०००। |
| २२. | साँस्कृतिक कार्यक्रम (ड्रेस तथा बाजा) | | | १,००,००० |
| २३. | सम्मान कार्यक्रम | | | १,००,००० |
| २४ | रक्तदान कार्यक्रम | | | ३०,००० |
| २५ | रक्तदान टि-सर्ट | १०० | ५०० | ५०,००० |
| २६. | रक्तदान खाजा | १०० | ३०० | ३०,००० |
| | **जम्मा** | | | **२१,८३,३५०।-** |

**कार्यविभाजन**

(क) मञ्च व्यवस्थापन उपसमिति

- भाष्कर थापा — संयोजक
- राकेश रायमाझी — सदस्य
- मोहनश्याम महर्जन — सदस्य
- नगर प्रहरी — २ महिला र २ पुरुष

(ख) अतिथी सत्कार उपसमिति

- विष्णुमान महर्जन — संयोजक
- उमा खड्का — सदस्य

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

... नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बज्रबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

- राधिका घिमिरे — सदस्य
- सुशिला कुमारी पौडेल — सदस्य
- सविता अर्याल — सदस्य

(ग) सांस्कृतिक कार्यक्रम व्यवस्थापन उपसमिति

- निरोज बज्राचार्य — संयोजक
- सुनिता महर्जन — सदस्य
- अशेष महर्जन — सदस्य
- ज्योती महर्जन — सदस्य

(घ) खेलकुद व्यवस्थापन उपसमिति

- निरोज बज्राचार्य — संयोजक
- सुनिता महर्जन — सदस्य
- अशेष महर्जन — सदस्य
- ज्योती महर्जन — सदस्य

(ङ) पुरस्कार सम्मान व्यवस्थापन उपसमिति

- शेखर न्यौपाने — संयोजक
- पदम बहादुर कुँवर — सदस्य
- शशी पन्थी — सदस्य
- भीम बहादुर तामाङ — सदस्य

(च) कर्मचारी पुरस्कार सिफारीस उपसमिति

- मिलन सिल्वाल — संयोजक
- रेवतीराज कार्की — सदस्य
- शशी पन्थी — सदस्य

(छ) सरसफाई उपसमिति

- मिलन सिल्वाल — संयोजक
- अनिता बोहरा — सदस्य
- मोहनश्याम महर्जन — सदस्य

(ज) रक्तदान व्यवस्थापन उपसमिति

- श्रीराज थापा — संयोजक
- रेवतीराज कार्की — सदस्य
- मोहनश्याम महर्जन — सदस्य

(झ) योग नगरपालिका घोषणा उपसमिति

- सानुभाई नगरकोटी — संयोजक
- सन्तोष श्रेष्ठ — सदस्य
- दामोदर गौतम — सदस्य

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

गोदावरी नगरपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

**निर्णय नं.३ विषयगत समिति तथा नगर आवधिक योजना तर्जुमा विस्तृत छलफल सम्बन्धमा :** छलफल हुँदा देहायका विषयमा नगर कार्यपालिकामा प्रस्तुतीकरण र छलफल गरियो ।

(क) विषयगत समिति पूर्णता र नगर आवधिक योजना तर्जुमा विस्तृत छलफल ।

(ख) वडास्तरीय योजना गोष्ठिमा छुट भएका विषय पुन समावेश गर्ने ।

**निर्णय नं.४ अपाङ्गता पुनर्स्थापना केन्द्र सञ्चालन अनुमति सम्बन्धमा :** नेपाल अपाङ्ग महिला समाजले पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनको लागि स्वीकृत पाउँ भनी निवेदन पेश गरेको हुँदा प्रचलित कानुन बमोजिम अपाङ्गता पुनस्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न प्रस्तावक संस्था श्री नेपाल अपाङ्ग महिला समाज गोदावरी-३ आफ्नै जग्गा र भवनमा सरकारी एवम् गैरसरकारी क्षेत्रबाट सञ्चालन लागत व्यवस्था गर्ने, नगरपालिका लगायत तालुक निकायमा वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिन भित्र बुझाउने लगायतका शर्तहरुको अधिनमा रही केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ संस्थागत स्वमूल्याङ्कन (LISA) को नतिजा स्वीकृत गरी प्रकाशन गर्ने सम्बन्धमा :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन प्रयोजनका लागि तयार गरेको विद्युतीय पोर्टल **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा** यस नगरपालिकाले गत आर्थिक वर्ष २०८०/०८१ मा संस्थागत स्वमूल्याङ्कन वापत ८७.५ अंक प्राप्त गरेकोले उक्त नतिजा स्वीकार गरी प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ जनप्रतिनिधि र राष्ट्रसेवक सम्बन्ध व्यवस्थापन गोष्ठी सम्बन्धमा :** छलफल गर्दा यस नगरपालिकाका जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुको सम्बन्ध व्यवस्थापन विषयक गोष्ठी २०८१ फागुन १७ गते शनिबार शिकाली चौर ललितपुरमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ संशोधन सम्बन्धमा :** छलफल गर्दा गोदावरी नगरपालिकाले नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शैक्षिक जनशक्तिको प्रभावकारी व्यवस्थापन तथा शैक्षिक गुणस्तर वृद्धिका लागि निर्धारण गरेको स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ गोदावरी नगरपालिका माध्यमिक शिक्षा परीक्षा (SEE/SLC) तयारी कक्षा सञ्चालन मापदण्ड, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।**

**निर्णय नं.९ नगरपालिकाको छात्रवृत्तिमा BICTE मा अध्ययनरत विद्यार्थीहरुलाई Internship मा खटाउने सम्बन्धमा :** छलफल गर्दा यस नगरपालिकाको छात्रवृत्तिमा जनभावना क्याम्पसमा BICTE मा अध्ययनरत विद्यार्थीहरुलाई नगरपालिकामा प्रयोगात्मक अभ्यास Internship मा दैनिक कामकाजमा खटाउने उक्त कार्य गरेवापत प्रति रुजु हाजिर दिनको दैनिक खाजा वापत रु.१५०।- उपलब्ध गराउने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

**निर्णय नं.१०. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि गणक तथा सहजकर्ता छनौट सम्बन्धमा** : छलफल गर्दा गोदावरी नगरपालिका स्थित सामुदायिक क्याम्पसको स्नातक तहमा अध्ययन गर्ने १८ वर्ष उमेर पुरा भएका विद्यार्थीहरुलाई अनिवार्य तथा निःशुल्क शिक्षा कार्याक्रम कार्यान्वयनका सन्दर्भमा विद्यालय उमेर समुहका विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन गर्ने कार्यका लागि शिक्षा शाखाबाट तयार पारिएको विस्तृत प्रस्तावनामा आधारमा तपशिल बमोजिमका ८४ जना गणक, ४ जना सहजकर्ता एवम् १ जना तथ्याङ्क विश्लेषक छनौट गरी गणना तथा प्रतिवेदन तयारी कार्यमा संलग्न गराउने र देहाय बमोजिम पारिश्रमिक (यातायात खर्च र सञ्चार खर्च) उपलब्ध गराउने निर्णय गरियो ।

**अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम सञ्चालनको लागि तथ्याँक संकलन गर्न विद्यार्थी तथा सुपरिवेक्षक परिचालन तथा खर्च गर्ने मापदण्ड:**

- तथ्याङ्क संकलन गर्न कोवो टुल्सको प्रयोग गर्ने ।
- गोदावरी नगरपालिकामा सञ्चालित सामुदायिक क्याम्पसहरुः जनभावना क्याम्पस, बज्रवाराही क्याम्पस, किटिनी क्याम्पस र फुल्चोकी क्याम्पसका १८ वर्ष उमेर पुरा भएका स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई उनीहरुको सिकाईमा सहयोग पुग्ने परियोजना कार्यमा समावेश हुने गरी गणकको रुपमा परिचालन गर्ने।
- प्रत्येक वडाको लागि ६ जना विद्यार्थीहरु छनौट हुने (जनभावना क्याम्पसः वडा नं. ५,६,७,८ र १०, बज्रवाराही क्याम्पसः वडा नं. ९, ११ र १२, किटिनी क्याम्पसः वडा नं.१,२,३ र ४ तथा फुल्चोकी क्याम्पसः वडा नं. १३ र १४) ।
- जम्मा ८४ जना विद्यार्थीहरु ८ दिनको लागि स्वयंसेवकको रुपमा गणना कार्यमा खटिने ।
- गणकको रुपमा खटिने विद्यार्थीहरुलाई प्रतिदिन रु.५००।- यातायात खर्चको रुपमा ८ दिनको जम्मा रु.४०००।- तथा सञ्चार वापत रु.१०००।- (मोवाईल रिचार्ज तथा रिपोर्टिङ्ग) समेतको गरी एकमुष्ठ रु.५०००।- पारिश्रमिक उपलब्ध गराउने ।
- विद्यार्थीले गरेको कामको सुपरिवेक्षण क्याम्पस प्रमुख वा निजले तोकेको प्राध्यापकबाट हुने र सुपरिवेक्षकले सुपरिवेक्षण र गणकहरुलाई सहजीकरण गरे वापत खाजा, खाना र यातायातको लागि प्रतिदिन रु.५००।- को दरले ८ दिनको रु.४०००।- र मोबाईल रिचार्ज र रिपोर्टिङ्ग लागि रु.१०००।- गरी जम्मा रु.५०००।- पारिश्रमिक उपलब्ध गराउने ।
- तथ्याङ्क विश्लेषण र अन्तिम प्रतिवेदन तयारीको लागि तथ्याङ्क विश्लेषक १ जनालाई प्रतिदिन रु.१५००।- को दरले ५ कार्यदिनको पारिश्रमिक वापत रु.७५००।- उपलब्ध गराउने ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| क्र.सं. | नाम थर | प्रतिनिधित्व गर्ने संस्था | गणना/सहजीकरण गर्ने वडा |
|---|---|---|---|
| १ | प्रकृति विष्ट | जनभावना क्याम्पस | ६ |
| २ | प्रज्वल श्रेष्ठ | जनभावना क्याम्पस | ६ |
| ३ | अम्बिका नगरकोटी | जनभावना क्याम्पस | ६ |
| ४ | उमेश नगरकोटी | जनभावना क्याम्पस | ६ |
| ५ | आरती बझगाई | जनभावना क्याम्पस | ६ |
| ६ | बिना खुलाल | जनभावना क्याम्पस | ६ |
| ७ | सुवेच्छा न्यौपाने | जनभावना क्याम्पस | १० |
| ८ | गरिमा शर्मा हुमागाई | जनभावना क्याम्पस | १० |
| ९ | मिन्टु दुलाल | जनभावना क्याम्पस | १० |
| १० | रुस्का के.सी | जनभावना क्याम्पस | १० |
| ११ | सौगात घिमिरे | जनभावना क्याम्पस | १० |
| १२ | सवियाना थापा | जनभावना क्याम्पस | १० |
| १३ | सरस्वती थापा | जनभावना क्याम्पस | ५ |
| १४ | बुनु नगरकोटी | जनभावना क्याम्पस | ५ |
| १५ | दक्षिणा सिल्वाल | जनभावना क्याम्पस | ५ |
| १६ | निर्मल स्याङतान | जनभावना क्याम्पस | ५ |
| १७ | दिक्षा सिलवाल | जनभावना क्याम्पस | ५ |
| १८ | भवानी तामाङ | जनभावना क्याम्पस | ५ |
| १९ | कृपा तिमल्सिना | जनभावना क्याम्पस | ८ |
| २० | रिया महत | जनभावना क्याम्पस | ८ |
| २१ | कृतिसा अधिकारी | जनभावना क्याम्पस | ८ |
| २२ | रोशन घिमिरे | जनभावना क्याम्पस | ८ |
| २३ | श्रीया भोम्जन | जनभावना क्याम्पस | ८ |
| २४ | दिपेश तिमल्सिना | जनभावना क्याम्पस | ८ |
| २५ | राधिका घिमिरे | जनभावना क्याम्पस | ७ |
| २६ | शुसिल सञ्जेल | जनभावना क्याम्पस | ७ |
| २७ | करुणा तिमल्सिना | जनभावना क्याम्पस | ७ |
| २८ | अनुप सापकोटा | जनभावना क्याम्पस | ७ |
| २९ | सुदिप घिमिरे | जनभावना क्याम्पस | ७ |

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ३० | खुशी सञ्जेल | जनभावना क्याम्पस | ७ |
| ३१ | मुना बल | बज्रबाराही क्याम्पस | ९ |
| ३२ | सरिता सञ्जेल | बज्रबाराही क्याम्पस | ९ |
| ३३ | ममता श्रेष्ठ | बज्रबाराही क्याम्पस | ९ |
| ३४ | पवन थापा | बज्रबाराही क्याम्पस | ९ |
| ३५ | मनिश सिल्वाल | बज्रबाराही क्याम्पस | ९ |
| ३६ | निशान के.सी | बज्रबाराही क्याम्पस | ९ |
| ३७ | सम्झना तामाङ | बज्रबाराही क्याम्पस | ११ |
| ३८ | अन्जना नेपाली | बज्रबाराही क्याम्पस | ११ |
| ३९ | स्मृति के.सी | बज्रबाराही क्याम्पस | ११ |
| ४० | सुन्यना कायस्थ | बज्रबाराही क्याम्पस | ११ |
| ४१ | अस्मिता तामाङ | बज्रबाराही क्याम्पस | ११ |
| ४२ | सुस्मितामाया मुक्तान | बज्रबाराही क्याम्पस | ११ |
| ४३ | निकेश के.सी | बज्रबाराही क्याम्पस | १२ |
| ४४ | अनिता भुलुन | बज्रबाराही क्याम्पस | १२ |
| ४५ | सञ्जिता बन्जारा | बज्रबाराही क्याम्पस | १२ |
| ४६ | चन्द्रावती खड्का | बज्रबाराही क्याम्पस | १२ |
| ४७ | सुमिका मगर | बज्रबाराही क्याम्पस | १२ |
| ४८ | अमृता घिमिरे | बज्रबाराही क्याम्पस | १२ |
| ४९ | बेली आले | किटिनी क्याम्पस | १ |
| ५० | रेश्मा आले | किटिनी क्याम्पस | १ |
| ५१ | कमला श्रेष्ठ | किटिनी क्याम्पस | १ |
| ५२ | दिपशिखा नेपाली | किटिनी क्याम्पस | १ |
| ५३ | सबिना गरम्चा मगर | किटिनी क्याम्पस | १ |
| ५४ | अलिजा हमाल | किटिनी क्याम्पस | १ |
| ५५ | मनिषा मुक्तान | किटिनी क्याम्पस | २ |
| ५६ | सिता तिमल्सिना | किटिनी क्याम्पस | २ |
| ५७ | सिम्रन राइ | किटिनी क्याम्पस | २ |
| ५८ | अर्चना सम्तेल | किटिनी क्याम्पस | २ |
| ५९ | स्नेहा आचार्य | किटिनी क्याम्पस | २ |

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ६० | ऋतिका महर्जन | किटिनी क्याम्पस | २ |
| ६१ | अस्मता तामाङ | किटिनी क्याम्पस | ३ |
| ६२ | जित कुमारी श्रेष्ठ | किटिनी क्याम्पस | ३ |
| ६३ | दिपिका भुजेल | किटिनी क्याम्पस | ३ |
| ६४ | रोसनी रोक्का | किटिनी क्याम्पस | ३ |
| ६५ | अनिता मग्राती | किटिनी क्याम्पस | ३ |
| ६६ | सबिना विशुंखे | किटिनी क्याम्पस | ३ |
| ६७ | सकी पहरी | किटिनी क्याम्पस | ४ |
| ६८ | प्रजुना थापामगर | किटिनी क्याम्पस | ४ |
| ६९ | बिपना तामाङ | किटिनी क्याम्पस | ४ |
| ७० | अनिसा नगरकोटी | किटिनी क्याम्पस | ४ |
| ७१ | सलिना पहरी | किटिनी क्याम्पस | ४ |
| ७२ | पुष्पा पहरी | किटिनी क्याम्पस | ४ |
| ७३ | विवेक राजवंशी | फुल्चोकी क्याम्पस | १३ |
| ७४ | रिया गुरुङ | फुल्चोकी क्याम्पस | १३ |
| ७५ | दिपेश तामाङ | फुल्चोकी क्याम्पस | १३ |
| ७६ | नवराज श्रेष्ठ | फुल्चोकी क्याम्पस | १३ |
| ७७ | नविना राई | फुल्चोकी क्याम्पस | १३ |
| ७८ | समिक्षा लामिछाने | फुल्चोकी क्याम्पस | १३ |
| ७९ | सुमित कपाली | फुल्चोकी क्याम्पस | १४ |
| ८० | सुप्रिया घिसिङ | फुल्चोकी क्याम्पस | १४ |
| ८१ | सनिसा महर्जन | फुल्चोकी क्याम्पस | १४ |
| ८२ | निमा तामाङ | फुल्चोकी क्याम्पस | १४ |
| ८३ | कुसुम नापित | फुल्चोकी क्याम्पस | १४ |
| ८४ | सलिना नापित | फुल्चोकी क्याम्पस | १४ |
| ८५ | टीकाराम गौतम सहजकर्ता | जनभावना क्याम्पस | ५,६,७,८,१० |
| ८६ | नरेन्द्र महर्जन सहजकर्ता | फुल्चोकी क्याम्पस | १३,१४ |
| ८७ | उमेश चन्द्र घिमिरे सहजकर्ता | किटिनी क्याम्पस | १,२,३,४ |
| ८८ | रोशन महर्जन सहजकर्ता | बज्रबाराही क्याम्पस | ९,११,१२ |
| ८९ | दिनेश थापा | तथ्याङ्क विश्लेषक | अन्तिम प्रतिवेदन तयारी |

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

निर्णय नं.११. विविध।

११.१ **Double Cap Pickup 4WD को ल.ई र Specification स्वीकृत गर्ने सम्बन्धमा** : छलफल गर्दा यस नगरपालिकाको लागि Double Cap Pickup 4WD खरिद गर्नका लागि तयार गरेको लागत अनुमान मु.अ.कर सहित रु.५९,००,०००।- (उनान्साठी लाख) र स्पेशिफिकेशन स्वीकृत गरी ठेक्का बन्दोवस्त गर्ने र खरिद भएको उक्त सवारी साधन जिल्ला समन्वय समिति, ललितपुरका समन्वय प्रमुखले प्रयोग गर्ने गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

११.२ यस नगरपालिका अन्तर्गत वडा नं.३ स्थित शिव बस्तीमा शिवजीको मूर्ति सहित शिवजीधाम निर्माण गर्नको लागि ५० प्रतिशत लागत साझेदारीमा स्थानीय उपभोक्ताहरुको रु.१०,५०,०००।- र नगरपालिकाबाट रु.१०,५०,०००।- गरी जम्मा रु.२१,००,०००।- बराबरको आयोजना ५०/५० साझेदारी अवधारणामा सञ्चालन गर्ने गरी योजना संझौता भई कार्य सम्पन्न समेत गरी भुक्तानी भईसकेको हुँदा उक्त आयोजना अनुमोदन गर्ने निर्णय गरियो ।

११.३ यस नगरपालिका अन्तर्गत वडा नं.२ मा रहेको प्रसिद्ध विशंखुनारायण मन्दिरमा तामाको नागमूर्ति निर्माण गर्नका लागि तामा खरिद गर्न चालु आ.व.२०८१/०८२ मा रु.३२,००,०००।- विनियोजन भएको र पटक पटक टेण्डर आह्वान गर्दा कुनै पनि प्रस्ताव पेश हुन नआएको र २ नं. वडा कार्यालयबाट उपभोक्ता समिति मार्फत खरिद गर्ने गरी उपभोक्ता समिति गठन गरी संझौताको लागि पठाएको हुँदा उक्त तामा खरिदको लागि उपभोक्ता समितिसँग संझौता गर्ने निर्णय गरियो ।

११.४ **घर बिदा स्वीकृत गर्ने सम्बन्धमा** : छलफल गर्दा यस नगरपालिका अन्तर्गत नगर स्वास्थ्य क्लिनिक गोदामचौरमा कार्यरत सि.अ.न.मि.नि. छैटौं छिरिङ डोमा शेर्पाले आफ्नो घरायसी कारण जनाई २०८१/११/११ देदि २०८१/१२/३१ गतेसम्म जम्मा ३९ दिन घर बिदा माग गर्नु भएकोमा निजको निवेदन बमोजिम ३९ दिन घर बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

११.५ **गैर सरकारी संस्था समन्वय तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१** : सम्बन्धमा छलफल गर्दा गोदावरी नगरपालिकामा क्षेत्राधिकार बनाएका र नगरपालिका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुलाई व्यवस्थित गर्न र नगरपालिका एवम् गैर सरकारी संस्थाबाट हुने काममा दोहोरोपना नआउने व्यवस्था मिलाउनका लागि गैर सरकारी संस्था समन्वय तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

११.७ **वडा नं.१० को वडा कार्यालयको भाडा संझौता रद्द गर्ने सम्बन्धमा** : छलफल गर्दा यस नगरपालिका र वडा नं.११ निवासी हर्क बहादुर शाहीको नाती श्री हेरा बहादुर शाहीको छोरा श्री दिल कुमार शाही (ना.प्र.प.नं.५/४५४) ले वडा नं.१० वडा कार्यालय भवनका सटरहरु

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र [illegible]
नगर प्रमुख

२०७९ साउन १७ मा संझौता गरी भाडामा लिएकोमा मिति २०८१/१०/०९ गतेका दिन सो संझौता मिति २०८१/१०/१५ देखि लागु हुने गरी रद्द गरी पाउँ भनी निवेदन पेश गर्नुभएकोमा सोही संझौताको शर्त अनुसार वहालमा लगाएका सटरहरु खाली गर्नुपरेमा प्रथम पक्षले दोस्रो पक्षलाई तथा दोस्रो पक्षले पहिलो पक्षलाई १ महिना अगावै लिखित रुपमा जानकारी गराउनुपर्नेछ भन्ने प्रावधान रहेको हुँदा उक्त प्रावधान बमोजिम सो संझौता २०८१ चैत्र १ देखि लागु हुने गरी रद्द गरी सटर खाली गर्न एक महिनाको समय सीमा उपलब्ध गराउने साथै उपरोक्त सटरहरु रंगरोगन तथा तथा मर्मत गर्न र न्यूनतम वहाल करम आगामी बैठकबाट संशोधन गरी पुनः आय व्यवस्थापन गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

११.८ **वडा नं.१ का टहरा भाडामा लगाउने सम्बन्धमा :** यस नगरपालिकाको वडा नं.१ गोदामचौर बसपार्कमा निर्मित टहरा भाडामा लगाउनको लागि वडाको लागत अनुमान र वडा समितिको सिफारीस रु.८,९६३।४४ भई आएको छ । स्थानीय बजार विश्लेषण समेतका आधारमा हाललाई मासिक टहरा बहाल कर समेत रु.१३,०००।- (तेह्र हजार) कायम गरी बढाबढ प्रतिस्पर्धामा भाडामा दिन १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

११.९ **गोदावरी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ संशोधन सम्बन्धमा :** छलफल गर्दा गोदावरी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा ३ को उपदफा २ (ज) मा आवश्यक अन्य सेवा थप हुने गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

११.१० **गोदावरी नगरपालिका खेलकुद विकास, प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा :** छलफल गर्दा गोदावरी नगरपालिकाको खेलकुद क्षेत्रमा हुने खर्चमा एकरुपता र मितव्ययिता कामय गरी खेलकुद क्षेत्रलाई व्यवस्थित गर्नका लागि **खेलकुद विकास, प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१** पारित गर्ने निर्णय गरियो ।

११.११ यस नगरपालिकाको आफ्नै कार्यपालिका कार्यालय भवन निर्माण भई सेवा सञ्चालन भईरहेको भए पनि सरसफाई समेतका लागि पानीको आफ्नै श्रोत नहुँदा ट्याङ्करबाट ढुवानी गर्नुपर्दा खर्चिलो भएको छ । साथै नगरपालिका क्षेत्र आगलागीजन्य विपद्का घटनाको उच्च जोखिममा रहेकोले दमकल खरिद कार्य अन्तिम चरणमा पुगेकोले दमकलको लागि समेत आवश्यक पर्ने पानी भर्न ट्याङ्कर खरिद गर्नुपर्ने भएकोले चालु आर्थिक वर्ष २०८१/०८२ को सवारी साधन खरिद शिर्षकबाट ट्याङ्कर खरिद गर्न तयार पारिएको लागत ईष्टिमेट रु.५३,००,०००।- (त्रिपन्न लाख) स्वीकृत गरी ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

११.१२ घर्तिगाउँ सडक स्तरोन्नतिको लागि नपुग हुने रकम छम्पी खानेपानी आयोजना शिर्षकमा विनियोजन भएको रकमबाट खर्च गर्ने गरी उक्त सडक स्तरोन्नति गर्ने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

११.१३ यस नगरपालिकाका विभिन्न वडाहरुमा स्थानीय उपभोक्ताहरुबाट लागत सहभागिता जुटाइ ५०/५० को अवधारणाबाट आयोजना सञ्चालन गर्न तपशिल बमोजिमको आयोजनाहरुको लागि वडा कार्यालयबाट सिफारीस भई आएको हुँदा उक्त आयोजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

(क) १४ नं.वडा कार्यालयको सिफारिस बमोजिम उक्त वडामा सञ्चालन हुने प्रकाश परियारको घर अगाडिको बाटो स्तरोन्नतिको लागि रु.६५,०००।- मात्र

(ख) वडा नं.१० वडा कार्यालयको सिफारीस बमोजिम उक्त वडामा सञ्चालन हुने सार्वजनिक जग्गा संरक्षण तथा मन्दिर व्यवस्थापनको लागि रु.२,००,०००।- मात्र

११.१४ यस नगरपालिका वडा नं.४ अन्तर्गत साविक वडा नं.९ चिरनको घर जाने खोलामा फलामको पुल निर्माण गर्न रु.७३,०००।- बजेट उपलब्ध गराउन वडा कार्यालयबाट सिफारिस भई आएकोमा नगर प्रमुखबाट विविध शिर्षकबाट उक्त रकम व्यवस्था गर्ने आदेश भए बमोजिम पुल बनाउने कार्य सम्पन्न भई भुक्तानीका लागि पेश भएको हुँदा उक्त रकम चिरनको घर जाने बाटो मर्मत सम्भार उपभोक्ता समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

११.१५ **बुलेटिन प्रकाशन सम्बन्धमा** : छलफल गर्दा २०८१ असोज महिनाको दोस्रो साता परेको अविरल वर्षाका कारण बाढी पहिरोजन्य विपद्ले पुर्याएको क्षति, नगरपालिकाले त्यसयता गरेका काम, नगरबासीले पाएको राहतलाई अभिलेखीकरण गर्नका लागि बुकलेट प्रकाशनका लागि श्री शब्द घर प्रा.लि.ले पेश गरेको प्रस्तावना स्वीकृत गरी मु.अ.कर सहित १ लाख भित्र कार्य सम्पन्न गर्ने गरी संझौता गरी उक्त कार्य शब्द घर प्रा.लि.बाट चालु आ.व.२०८१/८२ को सूचना तथा प्रकाशन खर्च शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**११.१६ गोदावरी पर्यटकीय पदमार्ग निर्माण गर्ने सम्बन्धमा ।**

**पृष्ठभूमिः**

गोदावरी नगरपालिकाको वडा नं. ३ मा अवस्थित गोदावरी पर्यटकीय दृष्टिकोणले चर्चित र तुलनात्मक लाभ हासिल गर्न सकिने सम्भावना रहेको क्षेत्र हो । यस क्षेत्रलाई पर्यटकहरुको प्रवेशद्वार बनाई यस वडासँग जोडिएका वडा नं.१,२,३,४,५,६,७,१० र अन्य पालिकाहरुलाई समेत पर्यटकीय पदमार्ग Hiking Route मार्फत पर्यटकीय सञ्जालमा जोडी पर्यटन विकासको प्रवर्द्धन गरी रोजगारी सिर्जना, व्यापार व्यवसायको वृद्धि गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाई नगरपालिकाको आन्तरिक राजश्वमा समेत योगदान गर्ने लक्ष्य सहित आ.व.२०७९/८० को नगरसभाबाट गोदावरी देखि ओगरनाथ जाने पर्यटकीय पदमार्ग निर्माण र विस्तार गर्न नगरपालिकाबाट रु.४ लाख र नेपाल सरकार, प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगारी सिर्जना वापत रु ९,७९,०००।- गरी जम्मा रु.१३,७९,०००।- त्यसै गरी आ.व २०८०/०८१ मा नगरपालिकाबाट रु.४ लाख र नेपाल

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

सरकार प्र.म.रो.का, रोजगारी सिर्जना वापत रु १२,८१,६००।- सहित जम्मा रु.१६,८१,६००।- गरी कुल जम्मा रु. ३०,६०,६००।- मात्र यस नगरपालिका र नेपाल सरकार, प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको लागत साझेदारीमा नगरपालिकाको बजेटबाट सामग्री खरीद र नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेटबाट रोजगार सेवा केन्द्रमा सूचिकृत श्रमिकलाई अदक्ष ज्यालामा लगानी भै पदमार्गको ट्र्याक खोल्ने कार्यको प्रारम्भ भएको अवस्था छ ।

**कानूनी आधार**

गोदावरी नगरपालिका ललितपुरले गोदावरी देखि देवीचौर पर्यटकीय पदमार्ग निर्माण गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन Detail Project Report (DPR) तयार गरी आ.व.२०८१/०८२ को विशेष नगरसभाबाट रु.३०,००,०००।- बजेट विनियोजन भएको छ भने रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ (दोस्रो संशोधन) नियमावली, २०७७ नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ अनुसार आर्थिक तथा सामाजिक अवसरबाट वञ्चित विपन्न बेरोजगार व्यक्तिहरुलाई बढीमा १०० दिनको न्यूनतम रोजगार दिने व्यवस्था रहेको छ । यस नगरपालिकालाई आ.व. २०८१/०८२ को लागि नेपाल सरकार, प्रधानमन्त्री रोजगार कार्यक्रम बजेट उपशिर्षक ३७१००१०२ सशर्त अनुदान रोजगारी सृजना वापत रु.२२,२२,०००।- मात्र LMBIS विनियोजन भै SuTRA मार्फत निकासा भै बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन प्राप्त भएको छ भने रोजगारी सिर्जना कार्यान्वयन गर्दा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ३ को "श्रमिकको ज्याला रकम साझेदारी आयोजना" लाई प्राथिमकता दिनुपर्ने र आयोजना तर्जुमा गर्दा सोही कार्यविधिको दफा ४ ले तोकेका सामुदायिक आयोजनाहलाई प्राथिमकता दिनुपर्ने व्यवस्था रहेको छ

**विकल्प**

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवथापन) कार्यविधि, २०७७ को दफा ३ को "श्रमिकको ज्याला रकम साझेदारी आयोजना" लाई प्राथिमकता दिनुपर्ने र दफा ६ मा प्रधानमन्त्री रोजगारा कार्यक्रमबाट विनियोजन भएको रकम ज्यालामा मात्रै खर्च गर्नुपर्ने बाध्यकारी शर्त तोकिएको हुँदा दफा ११ बमोजिम रोजगार उपभोक्ता समिति गठन गरी नगरसभाबाट विनियोजन भएको बजेट रु.३० लाखबाट निर्माण सामग्री खरीद र दक्ष श्रमिक ज्याला भुक्तानी व्यहोर्ने गरी लागत साझेदारी गरी नेपाल सरकार प्रधानम्त्री रोजगार कार्यक्रम सशर्त अनुदानबाट सूचिकृत श्रमिकहरुलाई ज्याला भुक्तानी गरी पर्यटकीय पदमार्ग आयोजना कार्यान्वयन गर्न उपयुक्त हुने ।

**निर्णय**

यस गोदावरी नगरपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकरण हुन आएका आर्थिक तथा सामाजिक अवसरबाट वञ्चित विपन्न बेरोजगार श्रमिकहरुलाई न्यूनतम् रोजगारीमा सहभागी गराउन नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को विशेष नगरसभाबाट गोदावरी देखि देवीचौर पर्यटकीय पदमार्ग निर्माण गर्न रु.३० लाख बजेट विनियोजन भएको र रोजगार सेवा केन्द्रमा सूचिकृत

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

श्रमिकहरुका लागि ज्यालामा मात्रै खर्च गर्ने गरी नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सशर्त अनुदानमा रु.२२,२२,०००।- विनियोजन भएको सन्दर्भमा सामग्री खरीद र दक्ष ज्याला वापत रु.३० लाख र अदक्ष सूचीकृत श्रमिक ज्याला वापत रु.२२,२२,१८२।-गरी कुल जम्मा रु.५२,२६,०९८।- को प्राविधिक लागत ईष्टिमेट समेत तयारी भएकोले कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ११ बमोजिम रोजगार उपभोक्ता समिति गठन गरी यस नगरपालिका र नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रमको लागत साझेदारी हुने गरी गोदावरी देखि देवीचौर पर्यटकीय पदमार्ग निर्माण आयोजना यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा आ.व.२०८१/०८२ को लागि सूचिकृत भै प्राथमिकतामा परेका श्रमिकहरुबाटै रोजगार उपभोक्ता समिति गठन गरी समितिले व्यहोर्ने १० प्रतिशत योगदान दैनिक रु.७३६।- ज्याला पाउने श्रमिकहरुबाट जुटाउन प्राविधिक दृष्टिकोणले कठिन हुने भएकोले १० प्रतिशत योगदान छुट गरी देहाय बमोजिमका श्रमिकबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.स | श्रमिकको नाम थर | वडा नं. | फोन नम्बर |
|---|---|---|---|
| १. | बिस्कु माया पहरी | ०४ | ९८४०६००२३३ |
| २. | मनिता तामाङ पहरी | ०४ | ९८४३८५९३४९ |
| ३. | कविता पहरी | ०४ | ९८४१७९५८४५ |
| ४. | शारदा पहरी | ०४ | ९८१०२३५३८२ |
| ५. | कमला पहरी | ०४ | ९८६०५६११८६ |
| ६. | मंजु बयलकोटी रस्तेल | ०२ | ९८४११३९७२६ |
| ७. | रिमै पहरी | ०४ | ३७० ना.प्र.नं |
| ८. | रुपा थापा मगर | ०२ | ९८०३५८०७६० |
| ९. | उर्मिला विश्वकर्मा | ०३ | ९८०३४६०७५४ |
| १०. | निर्मला नेपाली | ०२ | ९८२८९१६७६२ |
| ११. | बच्ची नेपाली | १३ | ९८४९०३५५७२ |
| १२. | कामी माया तामाङ | ०३ | ९८६९५४११२४ |
| १३. | ज्ञानु माया पहरी | ०४ | ९८४९०१३६८८ |
| १४. | शान्नानी नगरकोटी | ०९ | ९८१८४१८७१७ |
| १५. | सबिना नगरकोटी | ०४ | ९८१३५७१७७५ |
| १६. | सिता पहरी | ०४ | ९८१३५९८४८८ |
| १७. | कविता सार्की | १३ | ९८४०४२२२७९ |
| १८. | शिला लामा | ०३ | ९८४३८७१३६७ |
| १९. | जुनी तामाङ | ०३ | ९८४००१६३१९ |
| २०. | नानी मगराती | ०३ | ना.प्र.न २८३०२७ |
| २१. | अनिता नगरकोटी पहरी | ०४ | ९८६३७७६९६३ |
| २२. | सर्मिला नगरकोटी | ०४ | ९८२८१३७३२५ |
| २३. | शुसिला परियार | ११ | ९८४५७६४३०३ |

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २४. | गोमा घिमिरे | ११ | ९८४९६१८४९९ |
| २५. | मन माया तामाङ | ११ | ९८१३२५९९८३ |
| २६. | बिर बहादुर तामाङ | ०३ | ९८६११७०३१० |
| २७. | खगेश्वरी दरै परियार | ११ | ९८१२२७८२४० |
| २८. | बिस कुमारी नगरकोटी | ०४ | ९८४०६००२३३ |
| २९. | राम माया लामा | ०३ | ९८६६०८९७५७ |
| ३०. | विर बहादुर तामाङ | ०३ | ९८१३३१२५९६ |
| ३१. | अन्जिता भोम्जन | ०३ | ९८१७८३१३७८ |
| ३२. | ओम कुमारी दोङ | ०३ | ९८४०५२२२१६ |
| ३३. | सुन्तली तामाङ | ०३ | ९८४३३५९६०० |
| ३४. | कल्पना महर्जन | ११ | ९८४९१९३२०५ |

**११.१७ खानेपानी पाइप खरिद सम्बन्धमा** : छलफल गर्दा २०८१ असोज महिनाको दोस्रो साता परेको अविरल वर्षाका कारण गएको बाढी र पहिरोबाट विभिन्न खानेपानीका संरचना, मुख्य पाइपलाईन, सहायक पाइपलाइनमा ठूलो क्षति पुर्‍याएको र सो क्षतिलाई कम गर्न तथा सर्वसाधारणलाई खानेपानीको सुविधा तत्काल सुचारू गर्न नगरपालिकाबाट रु.१ करोड बराबरको खानेपानीका पाइप तथा क्रेट जाली खरिद भई वडा कार्यालयको माग एवम् सिफारीस बमोजिम वितरण गरेकोमा बोलपत्रबाट प्राप्त पाइप माग अनुसार नपुग भएको हुँदा थप नपुग विभिन्न साइजका खानेपानी पाइप खरिदको लागि विपद् व्यवसथापन शिर्षकबाट व्यवस्थापन हुने गरी रु.५० लाख बराबरको खानेपानीका पाइप खरिदको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख